# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**मणिग्राम, रुपन्देही, ५नं. प्रदेश, नेपाल**

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: ३९९६

मिति : २०७७/०२/१४

श्री वडा कार्यालय (सबै),
तिलोत्तमा, नगरपालिका ।

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७७/०२/१४ गतेका दिन यस तिलोत्तमा नगरपालिकामा बसेको **"सहुलियतपूर्ण कर्जाको प्रस्ताव छनौट समिति"** को बैठकका निर्णयहरु कार्यान्वयन गर्न/गराउनु हुनको साथै, थप आवश्यक विवरणको लागि नेपाल बैंक लिमिटेड, मणिग्राम शाखाको प.सं. ११२ मणि/८२/१६ मिति २०७७/०२/१४ गतेको पत्र समेत संलग्न गरी पठाइएको व्यहोरा जानकारी गराइन्छ ।

<u>निर्णयको व्यहोरा :</u>

वडास्तरबाट सहुलियत कर्जाको लागि नगरपालिकामा पेश हुन आएका प्रस्तावहरुको सम्बन्धमा सिफारिस समितिले उपलब्ध गराएको सूचनामूलक जानकारीका आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- मिति २०७७/०१/२४ गते नगरपालिकाद्वारा प्रकाशित सूचना अनुसार स्वरोजगार हुन इच्छुक नगरबासी वेरोजगार युवाहरुले पेश गरेका प्रस्तावहरुका सम्बन्धमा छनौट समितिका प्रतिनिधि, सम्बन्धित वडाका वडाध्यक्ष तथा नेपाल बैंकका प्रतिनिधि लगायतको टोलिले निवेदकले पेश गरेको प्रस्तावको बैधता तथा विश्वसनीयता परीक्षणका लागि स्थलगत निरीक्षण गरी १ हप्ताभित्र छनौट समितिमा प्रतिवेदन पेश गर्ने ।
- प्रस्ताव छनौट गर्दा सकेसम्म भौगोलिक समानता समेत कायम हुने गरी सीप भएका तर पूँजीको अभावले स्वरोजगार हुन नसकेका युवाहरुलाई प्राथमिकता दिने ।
- सहुलियत कर्जा प्रदान गर्दा नयाँ व्यवसाय गर्न इच्छुक, सीपयुक्त, पूर्ण रुपमा बेरोजगार, विपन्न युवाहरुलाई प्रोत्साहित गर्न पहिलो चरणमा पेश भएका प्रस्तावको संख्याको आधारमा न्यूनतम् ५० हजार देखि ४ लाख सम्म कर्जा उपलब्ध गराउने ।
- छनौटमा परी सहुलियत कर्जा लिने व्यक्तिको पारिवारिक विवरण सम्बन्धित वडाध्यक्षबाट प्रमाणित हुनुपर्ने ।

२०७७/०२/१४

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

मणिग्राम शाखा
मणिग्राम, रुपन्देही ।

प.सं.:-११२/मणि/८२/१६ मिति:-२०७७/०२/१४

श्री नगर प्रमुख ज्यु
तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यलय ,
**मणिग्राम,रुपन्देही ।**

**विषयः-सहुलियतपुर्ण कर्जाको आवश्यक कागजात बारे ।**

**महाशय,**

उपरोक्त सम्वन्धमा यस तिलोत्तमा नगरपालिका र नेपाल बैंक लिमिटेड विच २०७६ असोज ९ गते भएको सम्झौता अनुसार सहुलियतपुर्ण कर्जाको लागी आवश्यक कागजात तपशिल बमोजिम हुने व्यहोरा जानकारीकालागी सादर अनुरोध गर्दछौं ।

**आवेदन तथा आवश्यक कागजात**

- नगरपालिकाको सिफारिस पत्र
- विधिवत् रुपमा भरिएको कर्जा आवेदन फारम
- व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भएको
- नागरिकताको प्रमाण पत्रको प्रतिलिमि (परिवारका सदस्य सवैको)
- फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र र PAN
- उद्यम संचालन तथा कर्जा उपयोग सम्वन्धी संक्षिप्त प्रस्ताव
- कर्जा सुचना केन्द्रको कालोसुचीमा नपरेको स्वघोषणा
- कुनै बैंक तथा वित्तीय संस्थाबाट कर्जा नलिएको स्वघोषणा
- खुद सम्पत्ती दायित्व विवरणको स्वघोषणा
- पारिवारिक विवरण (वडा कार्यालयबाट)
- परियोजना सञ्चालन गरिने स्थानको लालपुर्जको फोटोकपि
  (लिजमा भए लिज सम्झौता पत्रको प्रतिलिपि)
- २ वर्षको अडिट रिपोर्ट, ३ वर्षको प्रोजेक्टेट रिपोर्ट र कर चुक्ता प्रमाणपत्र

भवदीय,

लोक नाथ भुसाल
शाखा प्रबन्धक

मणिग्राम, रुपन्देही । फोन नं. ०७१-५६२७२५, फ्याक्स:०७१-५६२७२७,इमेल:nblmanigram@nepalbank.com.np